०४८-५४०३३३ प्र.जि.अ.
०४८-५४०५०१ स.प्र.जि.अ.
०४८-५४०३७०
०४८-५४००८८
०४८-५४०१३३
इमेल: daoramechhap@moha.gov.np
daoramechhap@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

मन्थली, रामेछाप

पत्र संख्याः- ०८३/८४
चलानी नं.:-

मितिः २०८३/०७/२१
ने.सं. ११४६

देउसी-भैलो कार्यक्रम तथा चाडपर्व मर्यादित, व्यवस्थित एवं सुरक्षित रुपमा मनाउने सम्बन्धी सूचना!

नेपालीहरुको महान पर्वहरू शुभ दिपावली, नेपाल सम्बत तथा छठ पर्वको अवसरमा जिल्लावासी आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

यस महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक पर्व शुभ दिपावलीको अवसरमा परम्परागत रुपमा खेलिने देउसी-भैलो कार्यक्रले नेपाली मौलिक संस्कृति, परम्परा, सामाजिक सद्भाव र आपसी भाइचारालाई अभिवृद्धि गर्दै आएको छ। यस महान पर्वको सांस्कृतिक महत्वलाई कायम राख्दै शान्ति सुरक्षा, सार्वजनिक सुव्यवस्था, सामाजिक सद्भाव तथा नागरिकको सहज आवागमन सुनिश्चित गर्न देउसी-भैलो कार्यक्रम संचालन गर्दा देहायका विषयहरू पालना गर्न/गराउन यस जिल्लाभित्र बसोबास गर्ने सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

- कार्यक्रमलाई मौलिक संस्कृति, परम्परा र सामाजिक सद्भावको संरक्षण हुने गरी मर्यादित, अनुशासित, संयमित एवं व्यवस्थित रुपमा सञ्चालन गर्ने।
- कार्यक्रममा उपस्थित हुने व्यक्तिहरूले मादक पदार्थ सेवन गरी कार्यक्रम संचालन गर्ने, होहल्ला नगर्ने, झैझगडा गर्ने वा सार्वजनिक शान्ति सुरक्षामा खलल पुऱ्याउने कार्य नगर्ने।
- निजी आवास, घर, कार्यालय, व्यापारिक प्रतिष्ठान वा अन्य कुनै स्थानमा देउसी-भैलो खेल्न जाँदा घरधनी, संचालक वा सम्बन्धित व्यक्तिको पूर्वस्वीकृति लिई जाने। अनुमति नलिएको स्थानमा जबर्जस्ती गई देउसी-भैलो खेल्ने, चन्दा/दक्षिणा माग्ने कार्य नगर्ने/नगराउने। सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिको क्षति पुऱ्याउने, हानी नोक्सानी गर्ने, फोहोरमैला गर्ने कार्य नगर्ने/नगराउने।
- सार्वजनिकरुपमा कार्यक्रम सञ्चालन गर्दा ध्वनी प्रदुषण हुने गरी अत्याधिक ठूलो आवाज निकाल्ने ध्वनी उपकरणको प्रयोग नगर्ने। अस्पताल, स्वास्थ्य संस्था, विद्यालय तथा अन्य संवेदनशील क्षेत्रहरूमा विशेष सावधानी अपनाउने र सर्वसाधारणलाई अनावश्यक रुपमा वाधा पुग्ने गरी कार्यक्रम सञ्चालन नगर्ने।
- पटाका, आतिसबाजी, रकेट, विष्फोटक पदार्थ तथा आगजनी वा चोटपटकको जोखिम हुने अन्य पदार्थको प्रयोग, ओसारपसार, बिक्री बितरण तथा भण्डारण नगर्ने।
- देउसी-भैलो कार्यक्रम संचालन गर्दा प्रचलित कानूनी व्यवस्था तथा ध्वनी प्रदुषण सम्बन्धी मापदण्डहरूको प्रभावकारी रुपमा पालना गर्ने।

.....
राम बहादुर के.सी.
निमित्त प्रमुख जिल्ला अधिकारी